स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रदीप खड्का स्टारर 'एक्टर : टेक वन'ले दर्शकबाट सुखद प्रतिक्रिया त प्राप्त गऱ्यो तर, अपेक्षित ब्यापार गर्न सकेन। यो फिल्म अहिले हलबाट उत्रिसकेको छ। अहिलेसम्म निर्माताले आधिकारिक कमाइ सार्वजनिक पनि गरेका छैनन्। फिल्मले घरेलु बक्सअफिसमा न्यून कमाइ गरेको देखिएको छ। चलचित्र विकास बोर्डको बक्सअफिसमा फिल्मको कूल कमाई ९५ लाख ९१ हजार रुपैयाँ ग्रस छ। स्टारकास्ट हेर्दा फिल्मले उत्साहजनक कमाइ गर्ने प्रक्षेपण गरिएको थियो।

**आजको विचार...**



सामाजिक... (दुई पेजमा)

शुक्रऋषि चौलागाईं



नायिका रेखा थापाले पर्दामा देखिनु मात्र हिरोइजम नहुने बताएकी छन्। शुक्रबार ह्वाइट हाउस लिटरेचर फेस्टिभलमा हिजोका हिरो, आजका हिरो सेसनमा आफ्नो धारणा राख्दै उनले यस्तो बताएकी हुन्। 'पर्दामा देखिनु मात्र हिरोइजम होइन। सामाजिक रुपमान्तरणमा कति काम गऱ्यो भन्ने पनि हेरिनुपर्छ,' उनले भनिन्। हिरो कुनै समयको नभएर सधैंका लागि हुने र त्यो योगदानले मात्र सम्भव भएको उनले बताइन्।

❒ वर्ष ३० ❒ अंक २०८ ❒ २०८१ फागुन ८ गते बिहीबार 20 February 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बन्दुकधारी आक्रमणबाट ७ को मृत्यु

(रासस/एएफपी)

**पाकिस्तान,** फागुन ७/अशान्त दक्षिण-पश्चिम पाकिस्तानमा बन्दुकधारी एक समूहले बसमा सवार यात्रुमाथि आक्रमण गरी कम्तीमा सात जनाको हत्या गरेको छ । उक्त सशस्त्र समूहले बसमा यात्रारत ती व्यक्ति अर्कै क्षेत्रको भएको पहिचान गरी गोली हानी हत्या गरेको एक सरकारी अधिकारीले बुधबार बताए । पञ्जाबसँग जोडिएको प्रान्तीय सीमा नजिकै बलुचिस्तान हुँदै राजमार्गमा गुडिरहेको बसको टायरमा गोली हानी हावा खुस्काइदिएको र बस रोकिएपछि बसमा छिरी पञ्जावी समुदायका मानिसहरूलाई पहिचान गरी बसबाट बाहिर निकाली गोली हानी हत्या गरेको सो क्षेत्रका एक वरिष्ठ सरकारी अधिकारी सआदत हुसेनले जानकारी दिए । 'आतङ्ककारीहरू बन्दुकधारीहरू बसमा चढे र यात्रुहरूको परिचयपत्र देखाउन भने त्यसपछि पञ्जाबीहरूलाई बसबाट निकालियो र हत्या गरियो,' उनले भने । 'उनीहरूलाई लाइनमा उभ्याएर र गोली हानी मारिएको थियो,' उनले भने । समाचार तयार पार्दासम्म यस आक्रमणको जिम्मेवारी कसैले पनि लिएको छैन । अफगानिस्तान र इरानसँग सीमा जोडिएको गरिब तर खनिज पदार्थले भरिपूर्ण बलुचिस्तान प्रान्तमा सुरक्षा फौजले दशकौंदेखि साम्प्रदायिक, जातीय र पृथकतावादी हिंसाविरुद्ध लड्दै आएको छ ।

# अब काँग्रेसको मिसन ०८४ हैन गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगार हो : महामन्त्री थापा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन ७/सत्तारुढ नेपाली काँग्रेसका महामन्त्री गगन थापाले अबको तीन वर्ष नेपाली काँग्रेसका लागि मिसन ०८४ नभई गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगार भएको बताएका छन् । बुधबार पाल्पाको पूर्वखोलामा आयोजना गरिएको प्रथम लोकतान्त्रिक महोत्सवलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।




महामन्त्री थापाले भने 'म काँग्रेसको जिम्मेवार महामन्त्रीका हैसियतले एत्तिमात्र भन्छु की एमालेले के गर्छ मलाई थाहा छैन, तर तीन वर्षको समय गुणस्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्य र रोजगार हाम्रो मिसन हो ।' काँग्रेसका लागि तीन वर्ष पर्याप्त समय भएकाले अब काँग्रेस सक्रिय भएर लाग्ने महामन्त्री थापाले प्रतिवद्धता व्यक्त गरे । उनले अबको केही समयमा आफ्नै पार्टीको प्रधानमन्त्री बन्ने र काँग्रेसले सरकार चलाउने समेत बताए । महामन्त्री थापाले अब निशुल्क स्वास्थ्य, शिक्षा र पर्याप्त रोजगारको वातावरण सिर्जना गर्ने गरी काँग्रेसले काम गर्ने उल्लेख गरे । वर्तमान सत्ता गठबन्धन तीन वर्षसम्म नै चल्ने उनको दावी छ । काँग्रेस र एमाले मिलेर बनेको वर्तमान सत्ता गठबन्धन आगामी आम निर्वाचनसम्म जाने थापाले दाबी गरे । संसद्का दुई ठूला दल मिलेर सरकार गठन गर्दा मुलुकमा विकास हुने र नागरिकले राज्यबाट फाइदा पाउने महामन्त्री थापाको भनाइ थियो । 'कांग्रेस र एमालेले विगतमा नौ महिना, एक वर्ष, तीन वर्ष सरकार चलाउँदै गर्दा इतिहासमा गर्व गर्न सक्ने अवस्था बन्दो रहेछ । त्यो विगतमा नेपाली कांग्रेसका गिरिजाप्रसाद कोइराला र एमालेका मनमोहन अधिकारी नेतृत्वको सरकारबाट पुष्टि हुन्छ,' थापाले भने, 'यो पटक कांग्रेस र एमाले मिलेर बनाएको सरकार तीन वर्षसम्म चल्छ, तीन वर्ष भनेको सानो समय होइन । तीन वर्ष ठूला पार्टी मिलेर बनेको सरकारले चल्दै गर्दा नेपाली नागरिकले फाइदा पाउनुपर्छ ।' उनले काँग्रेस ०८४ सम्म राम्रो काम गरेर जनतामाझ जान सक्नुपर्ने बताए । नेता थापाले ०८४ को चुनावमा कांग्रेसको देशभरको निर्वाचन क्षेत्रमा कसैले पनि अर्को पार्टीको चुनाव चिन्हमा मत हालौं भन्ने कुराको आँट गर्न नसक्ने समेत बताए । त्यसो गरेको खण्डमा काँग्रेस नरहने उनको चेतावनी छ । महामन्त्री थापाले भने , '०८४ को चुनावमा जाने बेलासम्म राम्रो काम गरौँ । त्यो कामको श्रेय पाउने गरिकन जाने हो । ०८४ को चुनाव यति त लेखेर राख्नुहोला । कुनै बेला म एक्लै थिएँ । ०८४ को चुनावमा अगाडि आएर अब नेपाली कांग्रेसको देशभरको निर्वाचन क्षेत्रमा कुनै पनि माइकलालले आएर अर्को पार्टीको चुनाव चिन्हमा मत हालौं भन्ने कुराको आँट अब कसैले गर्न सक्दैन । जसले गर्छ त्यो कांग्रेस रहँदैन । हिजो यसको लागि लडेका थियौं, सकेनौं । नसकेको हो मैले । अब सिङ्गो पार्टी आयो । चुनाव अगाडि गठबन्धन गर्नु हुँदैन भन्नेमा त पार्टी आयो आयो । त्यसमाथि पनि अहिले त निर्वाचन आयोगले एउटा प्रस्तावमा छलफल गरिरहेको छ । १६५ निर्वाचन क्षेत्रमा पार्टीको उम्मेदवारले पाएको मतलाई नै समानुपातिक मत मान्ने । त्यसो भएपछि कसैले निर्वाचन अगाडि गठबन्धन गर्ने आँट नै गर्दैन ।'

कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा सय दिने अभियानका पाल्पा प्रतिनिधि भरत शाह, नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिं पुन, काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, जिल्लाका निवर्तमान सभापति एवं लुम्बिनी प्रदेश सांसद वीरबहादुर राना, प्रदेश सहमहामन्त्री निमा गिरी, काँग्रेस प्रदेश सदस्य सन्दिप राना, नेपाल महिला संघकी केन्द्रीय सदस्य पवित्रा पौड्याल ढकाल, काँग्रेस जिल्ला उपसभापति ज्ञानबहादुर गाहा, काँग्रेस क्षेत्र नं. १ का क्षेत्रिय सभापति झमनबहादुर राज मगर, महासमिति सदस्य एवं रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापा लगायतले आ-आफ्ना धारणा राखेका थिए । काँग्रेस पूर्वखोला गाउँपालिका कार्यसमितिका सभापति विष्णु कुमारी आचार्यको अध्यक्षता,उपसभापति मेघराज न्यौपानेको स्वागत, सचिव गोपाल रानाको सञ्चालनमा कार्यक्रम भएको थियो । कार्यक्रममा विभिन्न फलामजन्य वस्तु, कृषि सामग्री, काष्ठकलाबाट बनाइएको घरायसी सामग्रीहरुको प्रदर्शनीसँगै नि:शुल्क स्वास्थ्य परीक्षण समेत गरिएको थियो ।

# सामाजिक सञ्जाल विधेयक संशोधन गर्न माग गर्दै पाल्पामा नागरिक संवाद

**पाल्पा,** फागुन ७/सामाजिक सञ्जाल विधेयक संशोधन गर्न माग गर्दै पाल्पामा नागरिक संवाद कार्यक्रम गरिएको छ । सरकारले राष्ट्रियसभामा पेस गरेको सामाजिक सञ्जाल सञ्चालनसम्बन्धी विधेयक प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी भएको भन्दै मानव अधिकार तथा शान्ति समाज पाल्पाले बुधबार नागरिक संवादको आयोजना गरेको हो ।



विधेयकका व्यवस्थाहरूबारे सबै नागरिकले थाहा पाउनुपर्ने र त्यसका प्रतिगामी व्यवस्थाहरू हटाउन माग गर्नुपर्ने आवश्यकता देखिएकोले समाजले नागरिकस्तरमा संवाद कार्यक्रम गरिएको जनाएको छ । तानसेनमा भएको कार्यक्रममा सहभागीहरूले सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउन सरकारले विधेयक ल्याए पनि दण्डात्मक र प्रतिबन्धात्मक आशय झल्किने गरी आएको भन्दै सच्याउन माग गरे ।

नेकपा माओवादी केन्द्र पाल्पाका सचिव मथुरा ढकालले सरकारले ल्याएको सामाजिक सञ्जाल सम्बन्धी विधेयक राम्रो भए पनि केही प्रावधानहरु सच्याउनुपर्ने बताए । उनले सजायलाई पैसासँग जोडेर लैजानुभन्दा पनि नैतिक रुपमा जोड्न आवश्यक रहेको औल्याए । सरकारले विरोधी स्वरलाई मत्थर पार्न विभिन्न दण्ड, सजाय र जरिवाना लगाएर तर्साउन खोजेकाले त्यस्ता केही प्रावधानहरु सशोधन गरेर जानुपर्नेमा उनले जोड दिए । नेपाली काँग्रेसका लुम्बिनी प्रदेश सदस्य राम कार्कीले सामाजिक सञ्जालमा देखिएका विकृति, विसंगती नियन्त्रण गर्न जरुरी रहेको र सरकारले ल्याएको विधेयक समय सान्दर्भिक रहेकाले केही प्रावधानहरुमाथि छलफल गरेर जानुपर्ने बताए । काँग्रेसका अर्का नेता अजयमान कर्मचार्यले घनिभूत छलफल गरेर मात्र संसदबाट विधेयक पारित गरिनुपर्नेमा जोड दिए । सामाजिक तथा शैक्षिक व्यक्तित्व बुद्धिप्रसाद शर्माले अहिलेको अवस्थामा सामाजिक सञ्जाल प्रयोगको नियमन जरुरी रहेको उल्लेख गर्दै सरकारले ल्याएको विधेयकका केही बुदाँहरु सशोधन गरेर जानुपर्ने बताए । मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय सदस्य अरुण ज्ञवालीले विधेयकका व्यवस्थाहरूले नागरिकका मौलिक हकको सुनिश्चततामा प्रश्न उठाएका बताए । सरकारले यसलाई संशोधन गर्नुपर्ने नभए आफूहरू संघर्षमा उत्रिने चेतावनी समेत दिए ।

पाल्पा उद्योग वाणिज्य संघका महासचिव समिरमान सिंले विधेयकका विषयमा मानव अधिकार तथा शान्ति समाजले प्रतिनिधिमूलक रुपमा सबै क्षेत्रका व्यक्तिहरुलाई सहभागी गराएर अन्तर संवाद गराउनुले सरकारलाई थप दवाब सिर्जना हुने बताए । नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले पनि सामाजिक सञ्जाल सम्बन्धी विधेयक जरुरी रहे पनि सरकारले सरोकारवाला निकायसँगै छलफल नै नगरी ल्याउनु गलत भएको भन्दै त्यसलाई घनिभूत छलफल गरेर मात्र संसदबाट पास गराइनु पर्ने बताए ।

-बाँकी अन्तिम पेजमा...

### 'कानुन निर्माणमा लचकता, कार्यन्वयनमा निर्ममता हुनुपर्छ'

नागरिक संवाद कार्यक्रमलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेश सभा सदस्य एव पूर्व मन्त्री वीरबहादुर रानाले कानुन निर्माणमा सरकारले अधिकतम लचकता र कार्यान्वयनमा अधिकतम निर्ममता अपनाउनुपर्ने बताए । उनले कानुन व्यक्तिको स्वार्स्थ केन्द्रीत भन्दा पनि जनता र मुलुकको हितमा हुनुपर्ने भन्दै सरकार जहिले पनि कानुन निर्माण गर्दा अधिकतम लचकता र कार्यान्वयनमा अधिकतम निर्ममता अपनाएर मात्र अघि बढ्नुपर्नेमा जोड दिए । सांसद रानाले सरकारले ल्याएको सामाजिक सञ्जाल सञ्चालन सम्बन्धी विधेयक अध्यादेश मार्फत ल्याएको विषयको टिप्पी हुनु सान्दर्भिक नभएको बताए । उनले भने,'संवैधानिक व्यवस्थामा टेकेर अध्यादेश ल्याउनुलाई नराम्रो भन्न मिल्दैन । समय अनुकूल जुनसुकै सरकारले पनि अध्यादेशमार्फत विधेयक ल्याउन पाउने संवैधानिक व्यवस्था छ, उक्त विधेयक सिमित समय भित्र छलफल गरेर मात्र पारित गर्नुपर्ने हुन्छ, त्यसैले विधेयक आउँदैमा केही हुँदैन, यहाँ त नेता र नेतृत्वको स्वार्थका कारण समस्या भएको हो । नेता र नेतृत्व सत्तामा हुँदा र नहुँदा पनि आफ्नो विचारमा अडिग हुनुपर्छ । नेता सत्तामा हुँदा एउटै बोल्ने नहुँदा अर्कै । यसले जनतामा द्धविधा मात्र ल्याउन्छ । अहिले विधेयकका विषयमा भएको पनि यही हो ।'

# लुम्बिनी प्रदेशसभाको अधिवेशन अन्त्य




**लुम्बिनी,** फागुन ७/लुम्बिनी प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले प्रदेशसभाको पाँचौँ अधिवेशन अन्त्य गरेका छन् ।

नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम फागुन ६ गते राति १२:०० बजेदेखि लागू हुनेगरी अधिवेशन अन्त्य गरेका हुन् । गत पुस १६ गतेदेखि सुरु भएको अधिवेशनमा ११ पटक बैठक भएको थियो । प्रदेशसभाका सचिव दुर्लभकुमार पुनमगरका अनुसार अधिवेशनबाट लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान विधेयक र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक पारित भएको छ ।

यसअघि प्रदेश प्रमुखले प्रमाणीकरण नगरी फिर्ता पठाएका प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय निजामती सेवाको गठन, सञ्चालन तथा सेवाका शर्तसम्बन्धी विधेयक अधिवेशनबाट पारित भएको थियो ।-रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## प्रजातन्त्र र हामी

प्रजातन्त्र स्थापनाको ७५ बर्ष पार गर्दै गर्दा लोकतन्त्रको सिडीलाई मजबूत बनाउँने कसरतमा कस्सिएर लागि परेका छौ हामी । हाम्रो लोकतन्त्रका पुर्खा प्रजातन्त्र रहेछन् । प्रजातन्त्र हुँदै लोकतन्त्रमा आई पुग्दा पनि प्रजातन्त्रका कथाहरुका असल पात्र बन्ने क्रम जारी रहेको भान हुँदैछ नेपाली समाजका लागि । जहानीया राणा शासनको अन्त्य गर्ने काममा हामी सफल भएको दिवसका रुपमा मनाउँदै आएको आज ७५ बर्ष पुग्दा पनि हाम्रो प्रजातान्त्रिक चरित्रलाई हामी आफैले राम्रोसँग परिभाषित गर्न सकिरहेका छैनौ । यो आफैमा विडम्वना हो । लोकतन्त्रमा परिस्कृत भएको प्रजातन्त्रले आफुलाई ७५ बर्षको परिपक्वताको स्थान पहिचानमा पनि समस्यादेखि रहेको भान हुन थालेको छ अहिले । प्रजातन्त्र प्राप्ती पछिका पञ्चायती व्यवस्थालाई परिवर्तन गर्ने क्रममा पनि हामीले नेपालमा प्रजातन्त्र प्राप्तिको उत्सवका रुपमा मान्यौं, तर पञ्चायत फालेपछि प्राप्त प्रजातन्त्रबाट पनि सन्तुष्टी नपाएपछि हामी परिस्कृत प्रजातन्त्र, लोकतन्त्रको छत्रछाँयालाई आफु अनुकुलको व्याख्या गर्दै आएको पनि दुई दशक विति सक्यो, तर वृद्ध प्रजातन्त्र र वयस्क लोकतन्त्रलाई फ्युजनका रुपमा अगाडि बढाउन सकेका छैंनौ ।

प्रजातन्त्र दिवसमा केवल दीप प्रज्वलन गर्ने अनि भाषण र शुभकामना आदान प्रदानले मात्रै पुग्दैन । नयाँ जोस जागर सहितका प्रजाका लागि आधुनिक सोंच र समन्वयको वातावरणलाई परिपक्वतामा ढालेर मात्र, प्रजाका लागि लागु हुने तन्त्र नै सच्चा प्रजातन्त्र हुने भएकाले यस विषयमा हामी सबै सचेत र संयमित भएर अगाडि बढ्नुपर्छ । देशमा विकास र निकासको प्रजातन्त्र चाहिएको छ । देशले सवल अर्थतन्त्रमा रमाई रहेको प्रजातन्त्र खोजी रहेछ भन्ने कुराको पुष्टि हुने गरी गरिने क्रियाकलापमा आधारित प्रजातन्त्र आएको अनुभूति हुने खालको वातावरणका लागि सबै एक भएर लाग्नुको विकल्प छैन । हामीले प्राप्त प्रजातन्त्रलाई लोकतान्त्रिक पद्धतिको बाटोमा हिड्न सक्ने वनाउनका लागि हाम्रो संकल्प र भावी योजनाहरु पनि प्रजातान्त्रिक शैलीबाट ओत प्रोत हुनु आजको आवश्यकता हो ।

### Opinion @ Social Network

छाडिदेऊ मित्र प्रेमका कुरा, लक्ष्यमा ध्यान देऊ,
ताकि पछि टुटेको मन होइन जोडिएको भविष्य मिलोस् ।
(*तारा देवकोटको फेसबुक पेजको स्टाटस* https://www.facebook.com/(Tara.Devkota)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक सञ्जालः प्रयोग र प्रभाव



शुक्रऋषि चौलागाईं

> *नेपालमा गरिएको एक अध्ययनले सामाजिक सञ्जाल मिथ्या सूचना फैलाउने सशक्त माध्यम भएको देखाएको छ । सेन्टर फर मिडिया रिसर्च, नेपालले गरेको अध्ययनले नेपालमा ९५ प्रतिशत इन्टरनेट प्रयोगकर्ताले सामाजिक सञ्जालको माध्यमबाट मिथ्या सूचना प्राप्त गरेको देखाएको छ । सामाजिक सञ्जालको अति प्रयोग, गलत प्रयोग र असावधानीपूर्ण प्रयोगबाट बच्न उपाय जान्न जरुरी छ ।*

सामान्यतया इन्टरनेट प्रविधिको माध्यमद्वारा आफ्ना विचार वा सिर्जनशीलता आदानप्रदान गर्न प्रयोग गरिने माध्यमलाई सामाजिक सञ्जाल भनिन्छ । यो सूचना दिने अनलाइन प्रविधिको एकमुष्ट सामूहिक रुप पनि हो । सामाजिक सञ्जाल अन्तरक्रियात्मक कम्प्युटर-मध्यस्थता प्रविधि हो । कम्प्युटर वा मोबाइलमा इन्टरनेट प्रविधिमार्फत आफूले प्राप्त गरेका वा आफूले सिर्जना गरेका विचार, डिजिटल फोटो वा भिडियोहरु आदानप्रदान गर्न प्रयोग गरिने माध्यम हो । सामाजिक सञ्जाल एउटा यस्तो महत्वपूर्ण इन्टरनेट माध्यम हो । मिनेट सेकेन्डमै संसारमा कहाँ के भइरहेको छ, सबै घटना खबर थाहा पाउन सकिन्छ । यसकारण यसको सहज पहुँचका साथसाथै प्रयोग र प्रभावको दायरा पनि फराकिलो बन्दै गएको छ । पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग र प्रभावका सन्दर्भमा पनि विभिन्न टीकाटिप्पणी, बहसहरु अनेकन कोण भइरहेको पाइन्छ । यसको दिन प्रतिदिनको विकास, स्वरुप र प्रयोगले समाजको विविध आयाम र पक्षहरुमा सकारात्मक तथा नकारात्मक अवधारणाहरु सार्वजनिक भइरहेका छन् । सामाजिक सञ्जालको सदुपयोगसँगै दुरुपयोग पनि बढ्दो छ । यसले सामाजिक जीवनलाई नराम्ररी तरङ्गित पारेको छ । सामाजिक सञ्जाल के हो, के होइन, यसका फाइदा/बेफाइदा, सही प्रयोगलगायत विषयमा यहाँ उल्लेख गर्न खोजिएको छ । हात-हातमा मोबाइल र इन्टरनेटको सहज उपलब्धताले सामाजिक सञ्जालको प्रयोग पनि व्यापक छ । एक तथ्याङ्क अनुसार विश्वभर चार अरब ४८ करोड मानिसले सामाजिक सञ्जाल प्रयोग गरिरहेका छन् । यसको अर्थ विश्वको आधा व्यक्तिहरू सामाजिक सञ्जालमा भेटिन्छन् । ४।६६ अरबभन्दा बढी 'इन्टरनेट प्रयोगकर्ताहरू भएको गुगलले देखाउँछ । जसमध्ये गुगल, फेसबुक, युट्युब, ह्वाट्सएप, इन्स्टाग्राम, टिकटक र ट्विटर प्रयोगकर्ता रहेका छन् । सञ्जालहरूमार्फत जानकारी, विचार, रुचि र अभिव्यक्तिहरू सिर्जना वा साझेदारी गर्ने सुविधा प्रदान गर्न मध्यस्थकर्ताको भूमिकामा सामाजिक सञ्जालहरूको उदय भएको हो । तर पछिल्लो चरण सामाजिक सञ्जाल असामाजिक बन्दै गएको छ । सामाजिक सञ्जाल भ्रम फैलाउने, व्यक्तिको समय र सिर्जना खोसिदिने र सूचनामाथि जासुसी गर्ने मतियार र हतियार बनेको छ । प्रयोगकर्ताहरु पनि आफनो अनुकूलका कुरा सुन्ने, हेर्ने तर फरक विचारलाई निषेध गर्ने भइरहेका छन् । सामाजिक सञ्जाल प्रतिक्रियात्मक र असङ्गठित हुन्छ यसले नीतिगत तहमा दबाब पनि दिइरहेको हुन्छ तर प्रत्यक्ष न्याय दिन भने सकिरहेको हुँदैन । डिजिटल युगमा सूचनाको विश्वसनीयता र सत्यताबारे पनि बहस भइरहेको छ । सञ्जालमा उल्लिखित भनाइ, तथ्याङ्क, स्रोत, तस्बिर आदि ठीक छन् वा छैनन् भनी परख गर्ने पाठक, दर्शक वा स्रोताको क्षमता पनि कमजोर छ । फेसबुक अहिले विश्वमै सबैभन्दा लोकप्रिय छ तथापि त्यो पनि हेरिनसक्नु हुन्छ ।

सामाजिक सञ्जालका फाइदा र बेफाइदा सामाजिक सञ्जालका विभिन्न स्वरुप छन् । कुन प्लेट फार्म प्रयोग गर्ने ? आफ्नो योग्यता-दक्षता, पेशा-व्यवसाय के हो ? के गर्न चाहिरहनुभएको छ । त्यसकै आधारमा सामाजिक सञ्जाल प्रयोग गरिनुपर्छ । सामाजिक सञ्जालका केही मूलभूत अवसर र फाइदाहरु भने समान छन् । सामाजिक सञ्जालबाट मुख्यतया: सूचना आदानप्रदान छिटाछरितो गर्न सकिने, आफ्ना विचार भावना राख्न सजिलो हुने, घरमै बसेर स्वदेश तथा विदेशमा प्रत्यक्ष सम्पर्क गर्न सकिने, महत्वपूर्ण कागजात, फोटो एवं भिडियो तुरुन्तै आदानप्रदान गर्न सकिने, कुनै घटना वा खास विषयवस्तुको प्रत्यक्ष प्रसारण गर्न सकिने, घरमै बसेर खरिदबिक्री गर्न सकिने, अध्ययन अनुसन्धान एवं लेखन कार्यमा सघाउ पुग्ने सामग्री हेर्न र पाउन सकिने हुन्छ । इन्टरनेट र सामाजिक सञ्जालको सदुपयोग गर्न सके विश्व बजारमा सजिलै बिक्न सकिन्छ तर त्यो ज्ञान प्रयोगकर्तामा हुनुपर्छ । सामाजिक सञ्जालका माध्यमबाट व्यापार व्यवसायलाई प्रवर्द्धन गर्न पनि सकिन्छ । कतिपय अवस्थामा व्यक्तिभित्र रहेको प्रतिभा प्रस्फुटन गराउन पनि यसले मद्दत गरेको छ । व्यक्ति, परिवार, समुदाय, कार्यालयले आफ्नो आवश्यकता र कामका आधारमा सामाजिक सञ्जालको प्रयोग गर्न सक्छन् । सामाजिक सञ्जाल आफैंमा सही र गलत हुने होइन । हामीले कुन सोचबाट कसरी प्रयोग गर्ने त्यसमै निर्भर रहन्छ । सकारात्मक हिसाबले सोच्ने हो भने सामाजिक सञ्जाल गलत होइन तर दुरुपयोग गर्ने हो भने यसका बेफाइदा पनि भरमार छन् । सामाजिक सञ्जालमा अनावश्यक समय खर्च गर्ने, अरूप्रति नकारात्मक टिकाटिप्पणी गर्ने, हानि-नोक्सानी गर्ने विषयवस्तु बढी शेयर गर्ने, अश्लील भिडियो तथा फोटो खिचेर अपलोड गर्ने, शेयर गर्ने, नचिनेको व्यक्तिलाई जिस्क्याउने, अर्काको फोटो तथा भिडियोको दुरुपयोग गर्ने, अध्ययन अनुसन्धानको साधनभन्दा मनोरञ्जनको साधनका रुपमा प्रयोग गर्ने, गलत सूचना र समाचार सम्प्रेषण गर्ने गरिएको पाइन्छ । मिथ्या सूचना र भ्रामक समाचार अफवाह फैलाउने माध्यमका रुपमा सामाजिक सञ्जाललाई प्रयोग गर्ने गरिएको छ । नियोजित तरिकाले कसैलाई आक्षेप लगाउने, अनावश्यक भिडियो पोष्ट गर्ने, अनावश्यक व्यक्तिहरुलाई भाइरल गराएर समाजमा नकारात्मक भ्रम पैदा गर्ने, मर्यादामा आँच आउनेजस्ता सामग्री पोस्ट गरेर, टिप्पणी गरेर पनि व्यक्ति तथा संस्थाको इज्जतमा दाग लगाउने प्रवृत्ति बढिरहेको छ । साइबर सुरक्षाको खतरा पनि उत्तिकै रहन्छ । कतिपय घटना सामाजिक सञ्जालमा आनावश्यक फैलिएका र फैलाइएका कारणले पनि थप घटनाहरु पुनरावृत्ति भइरहेका छन । नकारात्मक तथा घृणा हावी भइरहेको छ । सामाजिक सञ्जाललाई सदुपयोग गर्ने वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता छ । सामाजिक सञ्जालमार्फत हुने अराजकता, गैरकानुनी गतिविधिलाई कानुनी र नीतिगत रुपमै नियमन गर्न जरुरी छ । दुरुपयोग रोक्ने नाममा सरकारले पनि मनोमानी गर्न पाइँदैन । सामाजिक सञ्जालको प्रयोगमा सुधार गर्ने र दुरुपयोग रोक्नतर्फ सरोकारवालाको परामर्शमा साझा पहल थाल्नुपर्छ । स्कुले तहको पाठ्यक्रममै सामाजिक सञ्जाल के हो रु यसका फाइदा, बेफाइदा र दुरुपयोग भए के कारबाही गर्ने भन्ने विषय पनि पाठ्यक्रममा समेट्नु उचित हुन्छ । सरकारले हालै संसद्मा प्रस्तुत गरेको सामाजिक सञ्जालसम्बन्धी विधेयकका अधिकांश प्रावधानले सामाजिक सञ्जाललाई मर्यादित र व्यवस्थित गराउन खोजेको देखिन्छ ।

**कसरी गर्ने सही प्रयोग ?**

बेलायतमा गरिएको एक अध्ययनले सामाजिक सञ्जालको लत लागूऔषधको भन्दा पनि खतरनाक रहेको देखाएको छ । यसको प्रयोगले हाम्रो दैनिक व्यवहार र आचरणमा परिवर्तन ल्याइरहेको छ । हातमा स्मार्टफोन बोक्ने सामान्य नागरिकले हरेक १२ मिनेटको अवधिमा एकपटक सञ्जाललाई 'रिफ्रेस' गर्ने गरेका छन् । अध्ययनअनुसार यसको लतमा फसेकाले त हरेक दुई/तीन मिनेटको अवधिमा सामाजिक सञ्जाल चलाइरहेका हुन्छन् । धेरैजसो भ्रामक सूचना सामाजिक सञ्जालबाट नै फैलिइरहेको छ । नेपालमा गरिएको एक अध्ययनले सामाजिक सञ्जाल मिथ्या सूचना फैलाउने सशक्त माध्यम भएको देखाएको छ । सेन्टर फर मिडिया रिसर्च, नेपालले गरेको अध्ययनले नेपालमा ९५ प्रतिशत इन्टरनेट प्रयोगकर्ताले सामाजिक सञ्जालको माध्यमबाट मिथ्या सूचना प्राप्त गरेको देखाएको छ । सामाजिक सञ्जालको अति प्रयोग, गलत प्रयोग र असावधानीपूर्ण प्रयोगबाट बच्न उपाय जान्न जरुरी छ । कुनै पनि न्यायिक अभियानका लागि सामाजिक सञ्जाल एउटा औजार हो, तर यसको सही प्रयोग गर्न जानिएन भने घातक पनि हुन सक्छ । के उद्देश्यका लागि सामाजिक सञ्जालमा खाता खोलेको पहिल्यै स्पष्ट हुनुपर्छ । कुनै पनि नपत्याउने खालका घटना भएका सामग्री इन्टरनेटमा देख्ने, पढ्ने बित्तिकै तुरुन्तै विश्वास गरिहाल्न हुँदैन । व्यक्तिगत सूचना र वैयक्तिक गोपनीयताका कुरा नराख्ने, जुनसुकै लिङ्क नथिच्ने, नचिनेको साइटमा व्यक्तिगत सूचना, इमेल आदि नभर्ने । नत्र त्यसैले 'प्रोफाइल ह्याक' गरी अरूसँग पैसा माग्न वा तपाईंको आवरणमा अरूलाई ठग्न सक्छ । सञ्जालमा कुनै कुरा लेख्नु वा पोस्ट गर्नुअघि आफैँले आफैँलाई प्रश्न सोध्न पनि जरुरी छ ।

सामाजिक सञ्जालमा यो प्रसङ्ग-विषय राख्ने कि नराख्ने ? यो अहिल्यै नै राख्न उपयुक्त छ ? राखिएको सामग्रीले कसलाई फाइदा पुग्छ ? कुनै पनि सूचनालाई आलोचनात्मक तरिकाबाट हेर्न सक्नुपर्छ । त्यो सूचनाको स्रोत के हो ? कहाँबाट आयो ? कसले शेयर गरेको छ ? त्यो जाँच पड्ताल गरेर शेयर गर्नुपर्दछ । पुराना सामग्रीलाई नयाँ घटनाको भनेर राखिएका हुन सक्छन् । त्यसको पुष्टि नभई त्यसमा 'रियाक्सन' गर्ने वा 'कमेन्ट' लेख्ने काम पनि गर्नु हुँदैन । अहिलेको जमानामा हरेक व्यक्ति पत्रकार हो । सूचना अरू सामु पुर्‍याउने सन्दर्भमा धेरैका सामु सूचना दिन सकिन्छ । फेसबुक, ट्विटर, टिकटकलगायत धेरै प्रयोगकर्ता भएका सामाजिक सञ्जालमा तथ्य के हो, त्यो राखिदिन सकिन्छ । कुनै कुरा सामाजिक सञ्जालमा फैलियो भने, त्यो 'किवर्ड सर्च' गरेर पनि सत्य थाहा पाउन सकिन्छ । सम्प्रेषित सामग्री सही छन् कि छैनन्, परीक्षण गर्नुपर्छ । यसको लागि अरू मिडियाहरू पनि अध्ययन गर्नुपर्छ । नकारात्मक तथा कानुन विपरीत गतिविधिलाई निरुत्साहित गर्दै व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक पहलकदमी लिन जरुरी छ । हरेक प्रयोगकर्ताले भाइरल हुनु मात्रै ठूलो कुरा होइन, सूचना प्रणाली प्रयोग गर्दा मर्यादा, शिष्टता र सामाजिक सद्भावको कुरालाई पनि मनन गर्नुपर्छ । सञ्जाललाई आफ्ना विचार, भावना र अनुभव आदानप्रदान गर्न, नयाँ प्रविधि र सिकाइ प्राप्त गर्न, जनचेतना बढाउन र बृहत्तर हितमा उपयोग गर्ने बानी बसालौं ।

*-हाम्रा कुरा डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । | **तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । |
| **वृष** :आफूलाई कमजोर भएको अनुभूति हुनेछ, महत्वपूर्ण अवसर गुम्न सक्नसक्छ। | **बृश्चिक** :आज पढाइमा बाधा आउनेछ, यात्रामा सावधानी अपनाउनु पर्नेछ । |
| **मिथुन** :आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्ने र धार्मिक यात्राको योग पनि छ । |
| **कर्कट** :सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ, नयाँ कार्य बन्नेछ । | **मकर**: कार्य सम्पादनमा सहजता मिल्नेछ, सफल यात्रा पनि हुनेछ । |
| **सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ । | **कुम्भ** : कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ । |
| **कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला । | **मिन** : आँटेको र ताकेको कार्य पुरा होला, राज्यबाट मान सम्मान पाइनेछ । |




पौराणिक कथा ● कमल रिजाल

# राजा बलिको चातुर्य

राजा बलिको नाम भाइबहिनीहरूले पनि सुनेको हुनुपर्छ । उनी अष्ट चिरञ्जीवीमध्येमा पनि पर्छन् । चिरञ्जीवी भन्नाले कल्पान्त जीवी भनेर बुझिन्छ, जसमा ४ अर्ब ३२ करोड वर्ष पर्छ । एक पटक उनी सत्कर्मको बलले स्वर्गको समेत राजा हुन पुगेका थिए । यहाँ उनै राजा बलि पूर्व जन्ममा को थिए र अर्को जन्ममा कसरी राजा बलि बनेर चिरञ्जीवमा गनिन पुगे भन्नेसम्बन्धी कथा प्रस्तुत गरिएको छ । राजा बलि पूर्व जन्ममा नामूद जुवाडे थिए । जुवाबाटै उनको सर्वस्व गुमेको थियो । प्राय: सबै जुवाडेको उद्देश्य अर्काको सम्पत्ति हत्याउने भन्ने नै हुन्छ । उनी पनि यही चाहन्थे । तर, सधैँ चाहेजस्तै हुन्छ भन्ने भने हुँदैन । जसले जुन उद्देश्यले खेले पनि जुवा भनेको आखिर जुवा नै हो । खेल्न त सबैले जित्छु भनेर नै खेलेका हुन्छन् तर सधैँ जितिन्न ।

अनि जसले हार्छ, उसले यही हारेको सम्पत्ति फर्काउँछु भनेर थप बाजी लगाउँदै जान्छ र कति बेला सर्वस्व सकिन्छ पत्तै हुँदैन । ती जुवाडेलाई पनि त्यस्तै भएको थियो । जुवामा सम्पत्ति सकिनु के थियो, उनको भाउ पनि सकियो । संसारमा सबै शक्ति र सम्पत्तिको पूजारी हुन्छन् । शक्ति र सम्पत्ति छउन्जेल सबैले हाइहाई गर्छन्, सकिएपछि कसैले पनि वास्ता गर्दैनन् । यसमा उनी मात्र अपवादमा पर्ने कुरै थिएन । जब सम्पत्ति सकियो तब बिस्तारै अरूले वास्ता गर्न छाड्दै गए । हुँदा हुँदा यस्तो दिन पनि आयो, परिवारकै सदस्यले समेत वास्ता गर्न छाडे । त्यसपछि उनी बेवारिसे बने । जहाँ पुग्यो त्यहीँ बस्थे, जे मिल्थ्यो त्यही खान्थे । यसरी भौँतारिने क्रममा एक दिन उनको एउटी नगरबधुसित भेट भयो । नगरबधुसँग भेट हुनु के थियो, उनी उनकै दास बन्न पुगे । उनी नगरबधुलाई माया गर्थे । नगरबधु पनि उनलाई माया गरेको देखाउने त गर्थिन् तर उनको माया भने देखावटी थियो । नगरबधुको माया भने उनीसित नभई उनको जवानीसित थियो । उनी मायाको नाटक गर्थिन् । जुवाडे त्यसैलाई सत्य ठानी पछि लाग्ने गर्थे । एकदिन उनी कतै जाँदै थिए, बाटामा एउटा सुन्दर माला देखे । माला देख्नासाथ उनलाई उनै नगरबधुको याद आयो । र, किनेर उनकै घरतिर लागे तर भइदियो के भने उनको घर नपुग्दै नराम्रोसित दुर्घटना परी मरणासन्न अवस्थामा पुगे । त्यस्तो अवस्थामा पनि उनको ध्यान भने नगरबधुमा नै थियो । उनी चाहन्थे, जसरी भए पनि माला नगरबधुसमक्ष पुऱ्याउनै पर्छ तर गर्ने के ? आफैँ हिँड्न सक्दैनथे, अरूहरू कसलाई भन्ने ? भने पनि सुन्ने को ? त्यत्तिकैमा नजिकै कुनै एउटा शिवलिङ्ग देखिएकाले माला त्यहीँ समर्पित गरी प्राण त्याग गरे । त्यसपछि उनी यमदूतका साथमा तत्कालै यमलोक पुगे । उनलाई देखेपछि यमराजले सोधे- 'मनुवा' तिमीसँग पाप धेरै र पुन्य थोरै रहेछ । भन पहिले कुन भोग्छौ ?! यमराजको कुरा सुनेर उनी सोच्न लागे- 'हो, यमराजले ठीकै भनेका छन् । मैले जीवनमा पाप धेरै गरेको छु । साँच्चै भन्नुपर्दा पाप मात्रै गरेको छु । त्यतातिर लाग्ने हो भने थाहा छैन कति कति युग बित्ने हो ।

*नगरबधुसँग भेट हुनु के थियो, उनी उनकै दास बन्न पुगे । उनी नगरबधुलाई माया गर्थे । नगरबधु पनि उनलाई माया गरेको देखाउने त गर्थिन् तर उनको माया भने देखावटी थियो । नगरबधुको माया भने उनीसित नभई उनको जवानीसित थियो । उनी मायाको नाटक गर्थिन् । जुवाडे त्यसैलाई सत्य ठानी पछि लाग्ने गर्थे । एकदिन उनी कतै जाँदै थिए, बाटामा एउटा सुन्दर माला देखे । माला देख्नासाथ उनलाई उनै नगरबधुको याद आयो । र, किनेर उनकै घरतिर लागे तर भइदियो के भने उनको घर नपुग्दै नराम्रोसित दुर्घटना परी मरणासन्न अवस्थामा पुगे । त्यस्तो अवस्थामा पनि उनको ध्यान भने नगरबधुमा नै थियो । उनी चाहन्थे, जसरी भए पनि माला नगरबधुसमक्ष पुऱ्याउनै पर्छ तर गर्ने के ? आफैँ हिँड्न सक्दैनथे, अरूहरू कसलाई भन्ने ? भने पनि सुन्ने को ? त्यत्तिकैमा नजिकै कुनै एउटा शिवलिङ्ग देखिएकाले माला त्यहीँ समर्पित गरी प्राण त्याग गरे । त्यसपछि उनी यमदूतका साथमा तत्कालै यमलोक पुगे । उनलाई देखेपछि यमराजले सोधे- 'मनुवा' तिमीसँग पाप धेरै र पुन्य थोरै रहेछ । भन पहिले कुन भोग्छौ ?! यमराजको कुरा सुनेर उनी सोच्न लागे- 'हो, यमराजले ठीकै भनेका छन् । मैले जीवनमा पाप धेरै गरेको छु । साँच्चै भन्नुपर्दा पाप मात्रै गरेको छु । त्यतातिर लाग्ने हो भने थाहा छैन कति कति युग बित्ने हो । त्यसैले पहिले पुन्य नै भोग्छु भन्नुपर्छ होला ।! उनलाई सोचमग्न देखेर यमराजले भने- 'के सोच्दै छौ मनुवा ' भन पाप र पुन्यमध्ये पहिले कुन भोग्न चाहन्छौ ? तर भोग्न भने दुवै पर्छ । आफूले गरेको कर्मको फल नभोगी देव, दानव र मानव कसैले पनि छुट पाउँदैनन् ।! त्यसपछि उनले दुई हात जोर्दै भने- 'भगवान् ' ठीकै छ, त्यसो हो भने त्यही सही ।*

त्यसैले पहिले पुन्य नै भोग्छु भन्नुपर्छ होला ।! उनलाई सोचमग्न देखेर यमराजले भने- 'के सोच्दै छौ मनुवा ' भन पाप र पुन्यमध्ये पहिले कुन भोग्न चाहन्छौ ? तर भोग्न भने दुवै पर्छ । आफूले गरेको कर्मको फल नभोगी देव, दानव र मानव कसैले पनि छुट पाउँदैनन् ।! त्यसपछि उनले दुई हात जोर्दै भने- 'भगवान् ' ठीकै छ, त्यसो हो भने त्यही सही । भरेको कुरा भरे नै होला, अहिलेलाई पुन्य नै भोग गर्ने अवसर मिलाइदिनु होला ।! त्यसपछि उनलाई यमराजले केही समयका लागि स्वर्गको राजा बनाइदिए । जब स्वर्गको राजा बने, तब त्यहाँका श्रीसम्पत्ति एक एक गरी गरिब, दीन, दु:खी र असहायको नाममा लुटाउन थाले । फलत: चाँडै नै उनले यति बढी पुन्य कमाए कि त्यसैको प्रभावले स्वर्गबाट फर्कनै नपर्ने अवस्थामा पुगे । अब पहिलेका राजा इन्द्रलाई आपत पऱ्यो । केही समयको लागि भनेर दिएको सदाका लागि उनकै हुने भो । त्यसैले उनी भगवान् विष्णुसमक्ष हारगुहार गर्न पुगे तर विष्णुले पनि के गरुन् । बलिले त्यो राज्य सत्कर्मको प्रभावले पाएका थिए । यस्तो अवस्थामा सिधै खोसेर लिने तागत उनीसँग पनि थिएन । त्यसैले, त्यसलाई फिर्ता गर्न उनलाई वामन बटुक बनेर राजा बलिसमक्ष भिक्षा माग्न जानुपरेको थियो । आफ्नो एकै वचनमा सर्वस्व दान गरेकाले वामन भगवान्ले खुसी भएर उनलाई कल्पान्त जीवी बन्ने आशीर्वाद मात्र दिएनन्, सुतलमा गएर आरामसँग बस्ने प्रबन्धसमेत मिलाइदिए । यस पौराणिक कथामा के कति सत्यता छ, त्यो त व्यासजी नै जानून् तर गरिब, दीन, दु:खी अशक्त, असहाय र विरामीको हितमा दिएको दानको पुन्य बढी हुन्छ भन्ने कुरा भने सत्य हो । 'परोपकार पुन्याय! अर्थात् परोपकारभन्दा ठूलो पुन्य अर्को छैन भन्ने त नीतिमै उल्लेख छ ।

*-रातोपाटी डटकम*

व्यङ्ग्य-निबन्ध ● गायत्री लम्साल

# दाम इन्टरनेशनल बोर्डिङ स्कूल

*सगोत्रीयहरूको मन्त्रलाई टेरपुच्छर नलाउन पनि भएन । दाम चलेको र नाम चलेको राम्रो बोर्डिङ स्कूल खोज्न लगाएर छ महीनाको पेश्की रकम दिएर भर्ना जमाइहालेँ । मन भित्रभित्र आनन्दको सास ओहोरदोहोर गर्न थाल्यो ।*

कुरा घुमाउरो नभई सिधासाधा किसिमले गर्नुपर्ला जस्तो छ । हामीलाई थाहा नै छ, कुनै पनि कुरा कि परेर जानिन्छ कि पढेर जानिन्छ । जे जसरी भए पनि जान्ने कुरा राम्रो हो, जानेको कुरा हाम्रो हो । हामीहरू भुक्तभोगी छौँ पूरा । जानिरहेका छौँ, चिनिरहेका छौँ, बोर्डिङ स्कूलका ब्रह्माशयहरूलाई । कोहीले पढेर जानेका छौँ, कोहीले परेर जानेका छौँ, त कोहीले हेरेर पनि जानेका छौँ । हामीहरूलाई लाग्छ, जुन बोर्डिङमा महङ्गो फी हुन्छ, त्यही बोर्डिङमा नै अन्तभन्दा पढाइ राम्रो हुन्छ । अन्तको भन्दा सबै कुराको गराइ राम्रो लाग्छ । यथार्थ नबुझी आदर्शको पछाडि दौडिनुको काइदा र फाइदाहरू निकै बढी हुने रैछ क्या, बुझ्नु भो नि ! कुरा अरूको काट्यो भने कानून लाग्ला भन्ने जगजगी छ, त्यसैले काट्नु कुरा आफ्नै काट्नु मनासिब देखियो । कुरा के भन्नुहुन्छ भने, म वर्गको हिसाबले सुकुम्बासी वर्गमा पर्ने भए तापनि कर्मको हिसाबले सम्भ्रान्तमा नै पर्छु जस्तो लाग्छ । महङ्गीले जतिसुकै नेटो काटे तापनि मेरो कर्मको दम्भले दुई सन्तानको नाइटो नकाटी मानेन । मजस्तै म भनाउँदाहरूको पनि मूलमर्म मेरो जस्तै हुनुपर्छ भन्ने अनुमान लगाउन सक्नुहुन्छ । 'दुई सन्तानका बा महङ्गो बोर्डिङ धा 'भन्ने गर्थे मेरै सगोत्रीय मन्त्रीहरूले ।

सगोत्रीयहरूको मन्त्रलाई टेरपुच्छर नलाउन पनि भएन । दाम चलेको र नाम चलेको राम्रो बोर्डिङ स्कूल खोज्न लगाएर छ महीनाको पेश्की रकम दिएर भर्ना जमाइहालेँ । मन भित्रभित्र आनन्दको सास ओहोरदोहोर गर्न थाल्यो । यो मानेमा कि मेरो छोरो धेरै नाम कमाइसकेको 'दाम इन्टरनेशनल बोर्डिङ स्कूल'मा पढ्छ । स्कूलमा पढाइ के कस्तो हुन्छ भन्ने कुरामा मलाई केही द्विविधा परेन किनकि स्कूलको नाममा नै शान छ क्या - दाम इन्टरनेशनल बोर्डिङ स्कूल । दामका कामहरू मैले जान्नै परेन किनकि छोराले आफैँ जान्दै गयो । दामभित्रका जाम र रामका बारेमा छोराले सिक्दै गयो । दाममा जानभन्दा अगाडिका समयमा छोराको आनी बानीका बारेमा पनि केही पोल खुलाउन मन लागिहाल्यो हजुर हामीसामु । मेरो छोराको बाजे र बराजुको कुरा गर्दा फटाइँ गर्नमा फास्टर नै थिए तर छोरो मोरो भने यति सोझो निस्कियो कि बाजे-बराजुको जिन एक प्रतिशत पनि मिसिएनछ । साह्रै सोझो । यति सोझो कि आफू हिँडिरहेको बाटोमा पैसाको बिटो देखे पनि नटिपीकन हिँड्ने भनेपछाडि अरू त भन्न नै परेन । मलाई लाग्न थाल्यो, अब राम्रो बोर्डिङ स्कूलमा पढ्न थालेपछि मेरो छोरो पक्कै पनि बाठो हुन्छ अनि टाठो पनि । आफैँभित्र विश्वास पलाएको थियो, सपनाको सागरमा, कल्पनाको सागरमा पक्कै पनि पार गर्न सकिन्छ । छोरो दाम स्कूलमा शानसँग जानथाल्यो । स्कूल युनिफर्म पनि महिनाभरिका दिनभन्दा धेरै सेट । क्लास ड्रेस, हाउस ड्रेस, सन्डे ड्रेस, मन्डे ड्रेस, स्काउट ड्रेस, डान्स ड्रेस, जाउस ड्रेस, आउस ड्रेस, माउस ड्रेस, खेल्ने ड्रेस, हेर्ने ड्रेस, फेर्ने ड्रेस, रकिङ ड्रेस, हकिङ ड्रेस, सुटिङ ड्रेस, भुटिङ ड्रेस, उठिङ ड्रेस, भ्रमण ड्रेस, हर्मण ड्रेस, पढ्ने ड्रेस, सड्ने ड्रेस, लर्ने ड्रेस आदि आदि ड्रेस नै ड्रेस बाबै चिन्नै गाह्रो, किन्नै गाह्रो । दामको नामअनुसार र काम अनुसार छोरोले पनि शुरुबाट नै राम्रै कुराहरू सिक्न थालिहाल्यो । स्कूल गएकै पहिलो दिन, एउटा किताब हराएछ । दोस्रो दिन पेन हराएछ । तेस्रो दिन पुन: अर्को किताब हराएछ । एवंरीतले उसको हराउने क्रम दैनिक तालिका जस्तै बन्यो । मलाई पनि आनन्द लाग्यो, कमसेकम छोरोले केही त सिक्यो । जिल्लाको सामान्य बोर्डिङ स्कूलमा पढ्दा यस्तो हराउने कुरो एउटा पनि सिकेको थिएन । राजधानीको मुटुमा अवस्थित नाम चलेको दाम स्कूल, अरुको भन्दा छुट्टै पहिचान हुन पऱ्यो, अरुको भन्दा बढी हान हुनपऱ्यो, अरुको भन्दा बढी भान हुनपऱ्यो । म पनि उसको रुटिङमा अभ्यस्त हुन थालेँ । उसले जे जे हरायो भन्छ, त्यही त्यही पुन किन्दिदै तथास्तु छोरो भन्दै गएँ । एउटै कलासका साह्रो सस्ता बोर्डिङका किताब दिन दिनै किन्न पाउँदा मलाई खर्चको हिसाबले जम्मा एउटा छोरोलाई पढाउन पाउँदा पनि आधादर्जन छोरालाई पढाउन पाएजस्तो तात्तातो अनुभवको मीठो स्वाद चाख्न पाएँ । आखिर स्वाद सबै कुराको चाख्नु भन्छन् । एक दिन पुन: छोरोलाई सिक्ने कुराको ठूलै सौभाग्य मिलेछ । कुरा के भएछ भन्नुहुन्छ भने, क्लासमा हराउने कुराहरूको 'चोर को हो ?' भनेर अनुसन्धान शुरु भएछ । अनुसन्धानको क्रममा फैसला हुँदा मेरो छोरो र मेरो छोरो जस्तै अर्को कुनै सोझो मोरो परेछ । अनि नाम चलेको स्कूलको अप्रेसनको काम पनि साह्रै राम्रो हुँदोरहेछ । दुइटा सोझा केटालाई एउटा कोठामा लगेछन् र बोर्डिङ स्कूललाई बोरिङ बनाउने निकै ठूला मानिने कोडिनेटर र प्रिन्सिपल भएर गाईखाने भाषामा सराप्नुसम्म सरापेछन् । सजायका लागि तिमीहरूले कि त 'चोर को हो भन, नत्र भने दुवै मिलेर आधा आधा पैसा तिर' भनेर छोडेछन् । साँझ छोराको मुखमा हेर्छु त आँखा रातो रातो मात्र कहाँ हो र, उसलाई त हनहनी ज्वरो पनि आएछ । उसलाई तातो पानी र पेन किलर दिँदै सम्झाएँ, "बाबु, पीर नमान । यी भनेका त दामी स्कूलमा नामी काम हुन् ।" उसको चित्त साह्रै दु:खेछ, झन् भक्कादिँदै रुन थाल्यो । मलाई प्रश्न गऱ्यो, "बाबा, ठूला मान्छेले कति पढेका हुन्छन् ? ठूला मान्छेले किन ठूला गल्ती गर्छन् ? ठूला मान्छेको किन बुद्धि हुँदैन ?" मैले धैर्य हुँदै उत्तर दिन थालेँ, "बाबु, हाम्रो देशमा ठूला मान्छे हुन पढ्नु नै पर्दैन । अनि ठूला ठूला गल्ती नगरी ठूला मान्छे नै बनिँदैन । बुद्धि हुने हो भने ठूला मान्छे नै बनिँदैन ।" उसले कुरा कति बुझ्यो कुन्नि जे होस् मुन्टो चाहिँ हल्लायो । छोरोले जेनतेन आफ्नो पढाइसडाइ अगाडि बढाउँदै लग्यो । पहिलो त्रैमासिक परीक्षा पनि दियो । नतिजा प्रकाशन भयो । नाम नचलेका साना स्कूलमा त नतिजाको तत्काल समयमा पोजिसन पनि थाहा हुन्थ्यो तर नाम चलेका स्कूलमा भने नतिजापछि पोजिसन थाहा पाउन अरु थप एक महीना पर्खनु पर्दोरहेछ । कारण के रहेछ भन्नुहोला भने, बोर्डिङ स्कूलका दक्ष र प्राविधिक टिचरहरूले प्रश्नपत्र निर्माण गर्दा नपढाएको पाठबाट पनि निकाल्दा रहेछन् अनि कपी चेक गरेर नम्बर काउन्ट गर्दा एड गर्न मिस्टेक हुँदोरहेछ । त्यही रहेछ, रिजल्टको दिन पोजिसन थाहा नपाइने चुरो कुरो । सोझो छोरोले पनि सबै विषयको नम्बर काउन्ट गरेछ । धेरै विषयमा जोडमा फरक परेछ, कतिमा आधाआधी चेक पनि नभएको रहेछ । अनि री-परीक्षणमा लगेपछि पहिलाको मार्क्समा र पछि थपिए मार्क्समा धेरै होइन, जम्मा दश प्रतिशत बढी आएछ, र पोजिसनमा पनि प्रथम नै भएछ । मलाई निकै खुशी लाग्यो, किन भन्नुहोला भने दाम स्कूलमा पढाउने शिक्षकले पढाएको मेरो छोरो तीन महिनामा नै शिक्षकभन्दा पनि जान्ने भएछ । मेरो खुशीले सीमा नै नाघ्यो । नपढाउनु पढाएपछि यस्तो स्कूलमा पो पढाउनु ! समय बित्न बेर नै लाग्दो रहेनछ । छोरोले स्कूलमा हराएका चिजहरू किन्दाकिन्दै वार्षिक परीक्षा पनि सकियो । विद्यार्थीहरू नतिजाको प्रतीक्षामा थिए भने स्कूलहरू धमाधम विज्ञापनमा जुटेका थिए । एउटा शिक्षाविद्ले मेरो हातमा पनि एउटा स्कूलको ब्रोसर थमायो । मैले पनि ब्रोसरमा भएका महान् कुराहरू पढ्दै गएँ । वैज्ञानिक तरिकाले पठनपाठन, संगीतमा पारङ्गत, डान्समा नेपाल तारा, रक क्लाइमिङ, हर्स राइडिङ, विदेश भ्रमण, कराँतेमा ब्लाकबेल्ट, स्काउटमा दक्ष, सबै म्युजिकमा दक्ष, रेडक्रसमा सक्रिय, खेलकुदमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने खालको बनाउने, कम्प्युटरमा डिप्लोमा, ... जान्दै नजानेका, सुन्दै नसुनेका कुराहरू । दङ्ग लाग्यो मलाई उसको विज्ञापन देखेर । अनि पुन: कुन दामी स्कूलमा होला यस्तो चमत्कार भनेर यसो आँखा लगाएको त आफ्नै छोरोले पढेको दाम बोर्डिङ स्कूल । मभित्र झन् खुशीको मात्रा थपियो । मेरो छोरो माथि उल्लिखित सबै कुरामा दक्ष भइसकेछ ।

साँझ घरमा गएँ अनि छोरोलाई काखमा लिएर सोध्न थालेँ, "बाबु, तिमीले डान्स सिक्यौ ?" उसले भन्यो, "अँ बाबा, मेरो पालो आउनै लागेको थियो तर फाइनल परीक्षा आइहाल्यो ।" म्यूजिक सिकाउनु भयो ? एक दिन गितारमा चारवटै औंला राखेर बजायो भने बज्छ भन्नुभाथ्यो । कराँतेमा ब्लाकबेल्ट पायौं ? अहँ बाबा, कराँते भनेको त रिसाउँदा मुद्री कस्ने होइन र ? अनि विदेश भ्रमणमा लगे त ? खै थाहा भएन बाबा, एकदिन शैक्षिक भ्रमण भनेर वाग्मती रिभर सफा गर्न गएका थियौं । अँ अनि रक कलाइमिङ, हर्स राइडिङ त गऱ्यौ होला नि ? के भन्नु भा'को मैले त कुरा नै बुझिनँ । अनि तिमीलाई स्काउट र रेडक्रसको बारेमा के थाहा छ ? अहँ बाबा, त्यस्तो बताउन मिल्नेगरी त केही पनि थाहा छैन । अनि खेल खेल्न के के जानेका छौ त ? स्कूलको ग्राउण्डमा त केही पनि सिकाएका छैनन् तर घरमा हुने मोबाइलमा आउने जति सबै जानेको छु । स्कूलमा कम्प्युटरको प्राक्टिकल क्लास कति हुन्छ ? अँ बाबा, त्यसमा त मेरो पनि एक दिन पालो आएको थियो । मलाई आनन्द लाग्दै गयो धन्य छन्, धन्य रहून्, बोर्डिङ स्कूलका ब्रह्माशयहरू ।

*-साहित्यपोस्ट डटकम*

# पाल्पामा पनि मनाइयो ७५ औं प्रजातन्त्र दिवस

कृष्ण पोखरेल



**पाल्पा,** फागुन ७/पाल्पामा विभिन्न कार्यक्रम गरी ७५ औं प्रजातन्त्र दिवस मनाइएको छ । जिल्ला मूल समारोह समितिको आयोजनामा पाल्पा दरवार संग्रहालय परिसरमा सहिदहरुको तस्विरमा फूलमाला तथा टिका अविरले माल्यार्पण गरी सहिदको योगदान बारे चर्चा गर्दै दिवस मनाइएको हो ।

कार्यक्रममा राजनीतिक दल, पत्रकार, नागरिक समाज, कर्मचारी तथा सर्वसाधारणको सहभागिता रहेको थियो । कार्यक्रममा पूर्व सांसद यादव बहादुर रायमाझी, संविधानसभा सदस्य नारायणी शर्मा, लिला सोमैले सहिदहरुका कारण व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था अझै पनि परिवर्तन हुन नसकेकोमा चिन्ता व्यक्त गरे । कार्यक्रममा नेपाली काँग्रेस महासमिति सदस्य राजेन्द्रगोपाल सिंह, नेकपा एमालेका अध्यक्ष ओम बहादुर घर्तिमगर, नेकपा माओवादी केन्द्रका जिल्ला इन्चार्ज नेत्र प्रसाद पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधी दिलिप घिमिरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष डुलबहादुर कुवँर, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामी लगायतले निर्वाचनमा बाहेक अन्य समयमा सबै राजनीतिक दलहरु एक भएर जनताको अवस्था परिवर्तनमा लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, नेपाल रेडक्रस पाल्पाका सभापति बाबुराम कार्कीले सबैपक्षले सहिदको भावना अनुसार काम गर्नुपर्नेमा जोड दिए ।

जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालको अध्यक्षता, तानसेन नगरपालिकाका वरिष्ठ कार्यक्रम अधिकृत भरत आचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो । प्रजातन्त्र दिवसको अवसरमा दरवार परिसरमै जिल्ला स्वास्थ्य कार्याल पाल्पाले सरकारले सञ्चालन गरेको नसर्ने रोग अभियान अन्तर्गत सुगर, ब्लड प्रेसर, मृगौला परीक्षण तथा उचाई र तौल नाप जाँच गर्ने व्यवस्था समेत मिलाएको थियो ।

# रामपुरमा घुम्ती शिविरमार्फत नागरिकलाई सेवा



**पाल्पा,** फागुन ७/जिल्लाको रामपुर नगरपालिकाले वडा नं. ९ मा एकीकृत घुम्ती शिविरमार्फत नागरिकलाई सेवा प्रवाह गरेको छ । नगरपालिकाको कार्यालयको पहुँच भन्दा टाढा रहेका नागरिकहरुलाई सहज रुपमा सेवा प्रदान गर्ने उद्देश्यले शिविरमार्फत सेवा प्रवाह गरेको हो ।

शिविरमा स्वास्थ्य परीक्षणसँगै नगरपालिका कार्यालयबाट प्रवाह हुने सेवा दिइएको थियो । नगरवासीको आवश्यकता तथा सेवामा सहजताका लागि शिविर सञ्चालन गरिएको रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले बताए । उनले यही फागुन १२ गते वडा नम्बर १ मा पनि शिविर सञ्चालन गर्ने कार्यक्रम रहेको जानकारी दिए । यस वर्ष दुरीका हिसाबले टाढा रहेका तीन वडामा शिविरमार्फत सेवा प्रवाह गरिने उनले बताए । नागरिकहरुको सहजताका लागि नगरपालिका प्रतिवद्ध रहेको भन्दै आगामी दिनमा भौगोलिक हिसाव टाढा रहेका अन्य वडामा समेत शिविर सञ्चालन गर्ने योजना रहेको नगरपालिकाका प्रवक्ता कपिल बहादुर खाँणले बताए । शिविरमा हिउँदे अधिवेशनबाट बजेट रकमान्तर भएका योजनाको सम्झौता, बैंक खाता खोल्ने, जेष्ठ नागरिक परिचयपत्र, अपाङ्ग परिचयपत्र वितरण, पञ्जिकरण सेवा, व्यवसाय दर्ता तथा नविकरण, कृषि तथा पशु सेवा, आँखा, कान, घाँटी तथा दन्त परिक्षण सहित अन्य स्वस्थ्य परिक्षण सेवा प्रदान गरिएको थियो । आधारभूत स्वास्थ्य केन्द्र जब्यादीको प्रांगणमा भएको शिविरमा एकै दिन ६ सय १० सेवाग्राहीले सेवा लिएको वडा अध्यक्ष दिल बहादुर रानाले जानकारी दिए । शिविरमा स्वास्थ्य जाँच तथा ल्यावसेवा २ सय १३ जना, आँखा तथा कान जाँच ५ सय २२ जना, दन्त परीक्षण २ सय १५, सामाजिक सुरक्षा भत्ताको बायोम्याट्रिक ३२ जना, बेरोजगार व्यक्ति सुचिकरण सेवा ११ जना, अपाङ्गता तथा जेष्ठ नागरिक परिचयपत्र ११ जना, योजना सम्झौता ७ जना, व्यवसाय नविकरण ८ जना र बैंक खाता खोल्ने १४ जना, पशु सेवा १ सय ४५ र कृषि सेवा १ सय ८ जनाले सेवा लिएको नगरपालिका योजना शाखा प्रमुख विक्रम बस्नेतले बताए । शिविरमा ३२ जना कृषकले माटो परिक्षण गराएका छन् । आँखा परीक्षण गराएका मध्ये ४ जनामा मोतियाविन्दुको समस्या देखिएको छ ।

रामपुर अस्पतालको समन्वयमा विशेषज्ञसहितको स्वास्थ्य जाँच, पाल्पा मेट्रोसिटी अस्पतालको समन्वमा सुगर प्रेसर जाँच र कालीगण्डकी आँखा उपचार केन्द्रको समन्वयमा आँखा तथा कान परिक्षण र औषधी वितरण गरिएको स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेले जानकारी दिए । नगरपालिकाले यस अघि वडा वडा मै पुगेर चालू घुम्ती शिविर मार्फत आर्थिक वर्षमा सञ्चालन हुने योजनाको सम्झौता गर्नुका साथै बैंक खाता खोल्ने व्यवस्था मिलाएको थियो । नगरपालिकाले बैंक भन्दा पर रहेका नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता वडा र टोलबाट वितरण गर्दै आएको छ ।

# सामाजिक सञ्जाल विधेयक...

...कार्यक्रममा मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय निवर्तमान वरिष्ठ उपाध्यक्ष कृष्णबहादुर रावलले उक्त विधेयकका व्यवस्थाहरूबारे कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्र प्रस्तुत गर्दै रावलले यो विधेयक प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी भएको समाजको ठकर रहेको बताए । उनले भने,'विधेयकमा सामाजिक सञ्जाललाई मर्यादित र सुरक्षित बनाउने उद्देश्यले सही भए पनि दण्डात्मक र प्रतिबन्धात्मक आशय झल्किन्छ त्यसैले यो प्रतिगामी छ । यसले थुप्रै मौलिक हकबाट प्राप्त नागरिकको अधिकार खुम्च्याउने देखिएकाले सच्याएर जानु पर्छ भन्ने हाम्रो ठहर हो ।' कार्यक्रममा राजनीतिक दल, पत्रकार, समाजसेवी, विद्यार्थी लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो । समाजका जिल्ला सभापति सन्तविर बरालले सहभागीहरुबाट आएका सुझावहरुलाई केन्द्रमा पठाउने बताए । उनले नागरिकहरुबाट आएका तिनै सुझावहरुलाई आधार मानेर सरकारलाई विधेयक सञ्चाउन आग्रह गर्ने समेत उल्लेख गरे । सभापति बरालको अध्यक्षता, सदस्य तथा धवल पुस्तकालयका अध्यक्ष युवराज पौड्यालको स्वागत, सचिव अशोक घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# धरान फुटबल क्लब सेमिफाइनलमा



**काठमाडौं,** फागुन ७/चर्च ब्वाइज यूनाइटेड काठमाण्डौलाई पराजित गर्दै धरान फुटबल क्लब १५औं अन्तर्राष्ट्रिय आमन्त्रण इटहरी गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । बुधबार भएको खेलमा धरानले चर्च ब्वाइज युनाइटेडलाई २-१ गोल अन्तरले हराएको हो । प्रतियोगिताअन्तर्गत पहिलो सेमिफाइनलमा युनाइटेड खर्साङ फुटबल क्लब र मच्छिन्द्र फुटबल क्लब काठमाण्डौबीच खेल हुने छ । यही फागुन १० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा विजेताले ट्रफीसहित १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ पुरस्कार पाउने आयोजक राष्ट्रिय जागृति क्लबले जनाएको छ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# पाल्पा जेसिजले गऱ्यो सिविआरका बालबालिकालाई खाद्यान्न सहयोग



**पाल्पा,** फागुन ७/पाल्पा जेसिजले तानसेनस्थित म्याहालधारामा रहेको पाल्पा सिविआरका बालबालिकाहरुलाई खाद्यान्न सहयोग गरेको छ । उसले प्रजातन्त्र दिवसको अवसरमा यहाँका बालबालिकाहरुलाई खाद्यान्नको रुपमा दाल, चामल, आलु तरकारी नुन तेल मसला तथा विभिन्न किसिमका ड्राई खाजाहरु प्रदान गरेको हो ।

बुधबार जेसिजका पदाधिकारीहरु सिविआरमै पुगेर खाद्यान्न सहयोग गरेका हुन् । खाद्यान्न सहयोग गर्दै जेसिज पाल्पाका संस्थापक अध्यक्ष जेसी छत्रराज शाक्यले मानवताको सेवा जीवनको सर्वोत्तम कार्य हो भन्ने भावनाका साथ जेसिजले काम गर्दै आएको बताए । उनले नेतृत्व र व्यक्तित्वसँगै जेसिजले सामाजिक कार्यलाई समेत सशक्त रुपमा अगाडि बढाएको उल्लेख गरे । आगामी दिनहरुमा समेत विपन्न, अशक्त बालबालिकाहरुका लागि जेसिजले सहयोग गर्दै जाने पाल्पा जेसिसका अध्यक्ष जेसी विवेक काजी शाक्यले बताए । उनले भने 'हामीले युवाहरुको नेतृत्व र व्यक्तित्व विकाससँगै मानवीय सेवामा समेत समर्पित भएर काम गर्दै जाने छौं ।' कार्यक्रममा सिविआर पाल्पाका प्रबन्धक कृष्ण गहतराजले संस्थाले लामो समयदेखी अपाङ्ग बालबालिकाको लागि डे केयर सञ्चालन गर्दै आएको बताए । डे केयरमा बालबालिकाको लागि फिजियो थेरापी, उनीहरुलाई पढ्दै खेल्दै सिक्दै कार्यक्रम सञ्चालन हुँदै आएको छ । विद्यालयको रुपमा सञ्चालित डे केयरको सरकारी क्षेत्रबाट कुनै किसिमको सहयोग नहुँदा विभिन्न संघ संस्था व्यक्तिहरुको सहयोगमा सञ्चालन हुँदै आएको छ । डे केयर सेन्टरमा नियमित रुपमा पन्ध्रदेखी विस जना बालबालिका रहने गरेको गहतराजले जानकारी दिए । कार्यक्रममा पाल्पा जेसिजका संस्थापक महासचिव जेसी बुद्धि प्रसाद शर्मा, पूर्व अध्यक्ष मधु दयाल सैंजु, पाल्पा जेसिजका सदस्य लगायतका व्यक्तिहरु खाद्यान्न लिएर त्यहाँ पुगेका थिए । एक औपचारिक कार्यक्रमका बिच भएको खाद्यन्न वितरण जेसिजका जिल्ला अध्यक्ष जेसी विवेककाजी शाक्यको अध्यक्षता, कार्यक्रम संयोजक जेसी महेश खनालको स्वागत, महासचिव जेसी गणेश पन्थीको सञ्चालनमा भएको थियो ।

उपसूचक घटेको छ । विकास बैङ्क एक दशमलव ७४, वित्त एक दशमलव ५०, होटेल तथा पर्यटन एक दशमलव ०४, जलविद्युत् शून्य दशमलव १३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०६, लघुवित्त शून्य दशमलव ७९ र म्युचुअल फन्ड शून्य दशमलव ०५ प्रतिशतले घटेको छ । वीन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, इमर्जिङ नेपाल लिमिटेड र गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । त्यस्तै, सप्तकोशी डेभलपमेन्ट लिमिटेड र कुमारी डिभेन्चर-२०८६ को शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा हिमालयन रिइन्स्योरेन्स लिमिटेड अगाडि देखिएको छ । यो कम्पनीको रु ८२ करोड दुई लाख ३६ हजार ९१० बराबरको आठ लाख ९३ हजार ८५ कित्ता शेयर किनबेच भएको छ ।


नैतिक आचरणको पालना गरौं

- झुट, छलकपटजस्ता अनैतिक क्रियाकलापबाट टाढा रहौं,
- आफ्नो कर्तव्यप्रति इमान्दार बनौं,
- असहाय, वृद्ध, अपाङ्गता भएको व्यक्तिलाई सहयोग गरौं,
- कानुन र विधिको पालना गरौं,
- भ्रष्टाचार, बेइमानीजस्ता अनैतिक क्रियाकलापविरुद्ध आवाज उठाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मनको आवाज............

'नाम पनि युनिक, काम पनि युनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक सोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई